अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

# प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई

## कार्यक्रम २०८० सञ्चालन पश्चात तयार पारिएको कार्यक्रम सम्पन्न भएको प्रतिवेदन

**पृष्ठभुमीः**

प्रत्येक नागरिकलाइ आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सुचना माग्ने र पाउने विषयलाइ संविधानले नै मौलिक हकको रुपमा स्थापित गरेको छ । सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४ तथा नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायहरुले सम्पादन गरेका कामको बारेमा आम नागरिकलाइ जानकारीको लागि सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा ५ मा गाँउपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परिक्षण, सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था बमोजिम

यस अन्नपूर्ण गाउँपालिकाले पनि मिति २०८०।०७।२४ गतेका दिन प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन यस अन्नपूर्ण गाउँपालिकाको सभाहलमा सञ्चालन भएको थियो । उक्त कार्यक्रममा अन्नपुर्ण गाँउपालिकाका जननिर्वाचित पदाधिकारीहरु, वडा समितिका सदस्यहरु, वडाका सेवाग्राही, उपभोक्ता समितिका पदाधिकारी एवं सदस्यहरु युवा क्लब, आमा समुहका सदस्यहरु, गैह्रसरकारी संस्थाका प्रतिनिधीहरु, सम्बन्धित वडाका सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु तथा सरोकारवा व्यक्तिहरु, कर्मचारी, पत्राकारहरुको सहभागिता रहेको थियो ।

प्रगती समिक्षा यस पालिकाका शाखा प्रमुखज्यूले प्रस्तुत गर्नुभएको थियो भने सार्वजनिक सुनुवाई कार्यक्रम खुल्ला अन्तरक्रिया कार्यक्रम मार्फत भएको थियो भने जसको सहजीकरण पत्राकार महासंघ म्याग्दीका पत्राकारहरु मार्फत भएको थियो । उक्त खुल्ला अन्तरक्रीया सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुनुभएका सरोकारवालाहरुले विकास निर्माण र सेवा प्रवाहमा भएको कमिकमजोरी तथा त्रृटी औल्याई आगामी दिनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिएका थिए भने सरोकारवालाबाट आएको सवालको जवाफ गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले जवाफ दिनुभएको थियो । सार्वजनिक मत सर्वेक्षण फाराम मार्फत प्राप्त मतको बाचन पश्चात विभिन्न विषयगत समितिका संयोजकहरुले सरोकारवाला मार्फत प्राप्त सुझावको मनन् गर्दै सुधारका लागि प्रतिद्वता मन्तव्य दिनुभएको थियो र भने कार्यक्रमको समापन गाउँपालिकाका अध्यक्ष भारत कुमार पुन ज्यू ले समापन गर्नु भएको थियो ।

श्री प्रशासन
(१) सम्बन्धित फाइलमा संलग्न राख्ने ।
(२) website upload गर्ने ।
२०८०।८।६

अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

१) कार्यक्रम सञ्चालन भएको स्थानः अन्नपूर्ण गाँउपालिकाको सभाहलमा सम्पन्न भयो

२) आयोजना सम्पन्न भएको अवधिः प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई

कार्यक्रम २०८०।०७।२४ सम्पन्न भयो।

३) कार्यक्रम सञ्चालनको प्राप्त प्रतिफलः

- गुणस्तरीय र पारदर्शि सेवा प्रवाहमा टेवा पुग्ने।
- वडा कार्यालय र गाँउपालिकाबाट प्रदान गरिएको सेवा सुविधा र यस आ. व मा सञ्चालित सबै विकास निर्माण क्रियाकलापको बारेमा जनतालाइ अवगत हुने।
- विकास निर्माण कार्यहरु समयमा नै तोकीएको गुणस्तर र लागतमा सम्पन्न गर्न सघाउ पुग्ने।
- सेवा प्रवाहको क्रममा कुनै कमजोरी भएको भए सो लाइ सुधार गरी भविष्यमा नदोहोरिने गरी कार्य सम्पादन गर्न सहज हुने।
- उपभोक्ता समितिबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको बारेमा आम नागरिकलाइ जानकारी भइ योजना सञ्चालन गर्न र तिनको दिगो उपभोगमा टेवा पुग्ने

४) कार्यक्रमको उदघाटनः

कार्यक्रमको समुदघाटन अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष श्री भारत कूमार पुन ज्यू बाट भएको थियो।

६ कार्यक्रम सञ्चालनः

- सार्वजनिक सुनुवाइ कार्यक्रम स्वतन्त्र र निष्पक्ष संस्थाबाट सहजीकरण गरी सञ्चालन गर्दा अझ बढी विश्वसनिय र भरपर्दो हुने भएकोले पत्रकारहरुको साझा मन्चको रुपमा गठन भएको सहजीकरणका लागि पत्राकार महासंघसँग सम्झौता गरी सञ्चालन गरिने बमवजिम पत्राकार महासंघ म्याग्दीका पत्राकारहरुले सहजिकरण गर्नुभएको थियो।
- सार्वजनिक सुनुवाइ कार्यक्रम पहिलो उदघाटन शत्र र दोस्रो छलफल शत्र र तेस्रो प्रतिवद्धता मन्तव्य गरी समापन शत्र गरी ३ शत्रमा सम्पन्न भएको थियो।
- पहिलो शत्रमा गाँउपालिका तथा वडा कार्यालय एवं अन्य सेवा प्रदायक संस्थाबाट प्रवाह गरिएको सेवाको बारेमा उपस्थित सरोकारवाला माझ जानकारी गराइको थियो भने र यसको सञ्चालन गाँउपालिकाको कर्मचारीबाट भएको थियो।


अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

- दोस्रो शत्रको कार्यक्रम सेवाग्राहीको गुनासो र सुझावहरु विषय क्षेत्र अनुसार उठान गरी सेवा प्रदायकको तर्फबाट जवाफ दिइएको थियो र सो कार्यक्रमको सहजीकरण पत्रकार महासंघका पत्रकारहरुबाट गरिएको थियो । जसमा राजराम बरवाल, याम बहादुर पुन, दुर्गादत्त सुवेदी, राम बहादुर पुर्जा र रामकृष्ण खड्का लगायतका प्रश्नकर्ताहरुले विकास निर्माण , सेवा प्रवाह , गाउँपालिकाको आन्तरिक आय र भावि योजना सम्बन्धी प्रश्न गर्नुभएको थियो भने यस गाउँपालिकाका अध्यक्ष- भारत कुमार पुन , उपाध्यक्ष – दिवा कुमारी तिलिजा पुन र प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले प्रतिउत्तर दिनुभएको थियो ।
- तेस्रो शत्रमा कार्यक्रममा उठेका समग्र विषयवस्तुको जवाफ सहित गाउँपालिका उपाध्यक्ष दिवा कुमारी तिलिजा पुनबाट प्रतिवद्धता मन्तव्य तथा अध्यक्षको सार्गवित मन्तव्य सहित सो कार्यक्रमको अध्यक्षता ग्रहण गर्नु हुने व्यक्तिबाट समापन गरिएको थियो । यस शत्रको संयोजन यस कार्यालयका कर्मचारीबाट भएको थियो ।

७. कार्यक्रम समापनः

प्रगती समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रमको समापन गाउँपालिका अध्यक्ष श्री भार कूमार पुन ज्यूले गर्नु भएको थियो ।

८. सार्वजनिक सुनुवाईःकार्यक्रमका लिईएका तस्विरहरुः



अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पाखरबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

८. खर्च विवरणः

कार्यक्रम सम्पन्न गर्न लागेको खर्च र कार्यक्रम सञ्चालन सम्बन्धी अन्य विवरण संलग्न गरिएको छ ।

| उत्तम होटल | खर्च शिर्षक | इकाइ | दर रु. | जम्मा रकम रु. | कर कट्टी रु. | खुद पाउने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खाना | २२ | ३५० | ७७०० | ११५।५ | ७५८४।५ | बैक खाता |
| होटल ह्वाइट माउन्ट | खाजा सेट | ८५ | २०० | १७००० | २५५ | १६७४५ | बैक खाता |
| | कालो चिया | ८५ | २५ | २१२५ | ३१।८७५ | २०९३।१२५ | |
| | दुध चिया | ६ | ३० | १८० | २।७ | १७७।३ | |
| एभरेष्ट होटल | चिकेन खाना | १७ | ३०० | ५१०० | ७६।५ | ५०२३।५ | बैक खाता |
| लालिगुराँस प्रिन्टीङ्ग सेन्टर | व्यानर | १ | १००० | १००० | १५ | ९८५ | बैक खाता |
| श्री भगवती खड्का कटुवाल | प्रतिवेदक | १ | १००० | १००० | १५० | ८५० | बैक खाता |
| सहजीकरण खर्च | अमृत वास्कुने | २ | २५००*२=५००० | ५००० | ७५० | ४२५० | बैक खाता |
| | अमित विश्वकर्मा | २ | २५००*२=५००० | ५००० | ७५० | ४२५० | बैक खाता |
| जम्मा | | | | ४४१०५ | २१४६।५७५ | ४१९५८।४२५ | |

प्रतिवेदक
भगवती खड्का कटुवाल
प्रशासकीय अधिकृत